# नेपाल रेडक्रस सोसाइटी

## काठमाडौं जिल्ला शाखाको

## ३० औं जिल्ला अधिवेशन

मंत्री श्री **संघरत्न शाक्य**द्वारा प्रस्तुत

आर्थिक वर्ष २०६५/६६ को प्रतिवेदन तथा आगामी कार्यक्रम

***२८, चैत्र २०६६***

***आदरणीय सभापतिज्यू,***
***तथा जिल्ला सभासद साथीहरु***

नेपाल रेडक्रस सोसाइटी काठमाडौं जिल्ला शाखाको ३० औं वार्षिक साधारण सभाको बन्द सत्रमा आफ्नो अमूल्य समय प्रदान गरी यस सभाको गरिमा बढाई दिनु भएकोमा सम्पूर्ण उपस्थित जिल्ला सभासदस्यज्यूहरुमा हार्दिक स्वागत अभिवादन चढाउँदछु । जिल्लाको सर्वोच्च निकायको रुपमा रहेको जिल्ला सभाका सभासद मित्रहरुको आजको यो सकृयतापूर्ण उपस्थितिले हामीलाई थप उत्साह र जाँगर सृजना भएको अनुभव गरेका छौं । वर्तमान कार्यसमितिको दोश्रो साधारण सभा सम्म आईपुग्दा यहाँहरुबाट पाएको सल्लाह सुझाव र सिर्जित विचारको आदान प्रदानले हामीलाई थप नयाँ दिशा प्रदान गरेको छ । यहाँहरुले दिनुभएको जिम्मेवारीलाई पुरा गर्न प्रयासरत छौं । हाम्रा उपशाखाहरुबाट भए गरेका गतिविधिहरु र कार्यक्रमहरुमा यस जिल्ला शाखाको प्रत्यक्ष संलग्नता नभएता पनि प्रत्येक कार्यहरुमा समर्थन रही आएको छ । काठमाडौं जिल्ला शाखालाई सुव्यवस्थित र गतिशील बनाउनका लागि उपशाखाहरुले गरेको योगदान महत्वपूर्ण रहेको हुन्छ । हाम्रो प्रत्येक कृयाकलापहरुमा यहाँहरुले साथ दिंदै आएकोमा आभार व्यक्त गर्न चाहन्छौं । यहाँ सम्म आईपुग्दा जिल्लाशाखाले धेरै कुराहरु सिक्ने मौका पाएका छौं । समय परिवर्तन शील छ, । समय अनुसार हामी अगाडी बढनु पर्ने हुन्छ । समय अनुसार नयाँरुप, नयाँजोस र जाँगरका साथ विभिन्न गतिविधिहरु संचालन गर्ने क्रम जारी छ । यसकार्यका लागि तपाँईहरुको सहयोग सुझाव नितान्त आवश्यक रहेको छ । आगामी दिनहरुमा हामीले गर्ने कार्यहरुमा यहाँहरुको न्यानो माया र उचित मार्गदर्शन पाउने अपेक्षा गर्दै आर्थिक वर्ष २०६५।६६ को वार्षिक प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

**आदरणीय सभासद मित्रहरु,**
जिल्ला शाखालाई क्रियाशील बनाई रेडक्रसका गतिविधिलाई तीब्र रुपमा अगाडी बढाउन ओ. टी. टी. सी. संचालन समिति तथा रेडक्रस कार्य टोली समेत गरी १९ उपसमितिहरु कार्यरत रहेका छन् । उपसमितिहरुले सिमित श्रोत र साधनको वावजुद पनि आ–आफ्नो जिम्मेवारी पुरा गर्दै आएका छन । यी समितिहरु अझ बढि क्रियाशील हुनेमा हामी बिश्वस्त छौ

**<u>२९ औं जिल्ला अधिवेशन संम्पन्न</u>**

यस जिल्ला शाखाको २९औं अधिवेशन समयमानै सम्पन्न भएको यहाँहरुलाई विदितै छ । उक्त अधिवेशनमा उठाइएका जिज्ञासा तथा दिएका सल्लाह सुझावहरु र निर्देशनहरु यस जिल्ला शाखाले महत्वपुर्ण रुपमा लिएको छ । त्यस सभाबाट पारित प्रस्तावहरु कार्यान्वयन गरिएको छ । केहि कार्यान्वयनको क्रममा रहेको छ ।

**<u>शाखाको संगठनात्मक अवस्था</u>**

रेडक्रसका उदेश्य र सिद्धान्तमा आबद्ध गराई धेरै भन्दा धेरै व्यक्तिलाई समावेश गरी सामाजिक कार्यमा संलग्न गराउने पुनीत उद्देश्य सहित हाल यस जिल्ला शाखा अन्तर्गत १९ वटा उपशाखा, १ वटा सहयोग समिति र १३ वटा प्रकोप व्यवस्थापन समिति, ७७ जुनियर सर्कल,र २७ यूवा सर्कल क्रियाशील रहेको छ । रेडक्रसका गतिबिधिहरुलाई जिल्ला भित्रका सम्पूर्ण गा.बि.स. काठमाडौं महानगरपालिका र कीर्तिपूर नगरपालिका सबै वडाहरुमा विभिन्न गतिबिधि तथा कार्यक्रम मार्फत सदस्यता वृद्धि गर्ने क्रम जारी रहेको छ ।

**काठमाडौ जिल्लां शाखामा हाल निम्नानुसार सदस्यहरुको संख्या रहेको जानकारी गराउँदछु :-**

| | | | |
|---|---|---|---|
| १ | यशष्कर सदस्य | ३ | |
| २ | विशिष्ट सदस्य | १२ | |
| ३ | आजीवन सदस्य | ३६६७ | |
| ४ | साधारण सदस्य | ४२० | |
| ५ | जुनियर रेडक्रस सदस्य | ७७१८ | |
| ६ | युवा रेडक्रस सदस्य | २८४६ | |
| | जम्मा सदस्य संख्या | १४६६६ | |

यस जिल्ला शाखाको संस्थागत विकास तथा सेवामूलक एवं विकासमूलक कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्नका लागि संगठन तथा जनशक्ति विकास समितिलाई क्रियाशील बनाएको छ । आधारभूत पूर्वाधार तयार गरी शाखा, उपशाखाहरुमा जुनियर तथा युवा सर्कल, महिला विकास समितिहरुको गठन र परिचालन गरी संगठनलाई अझ सुदृढ गर्न विभिन्न प्रयासहरु भईरहेको छ । जिल्ला तथा उपशाखाहरुको कार्यपद्धति, कार्यक्षमता अभिबृद्धि गर्न र विभिन्न कार्यक्रमहरुलाई सुदृढ एवं सवल वनाउन तथा नयाँ योजनाहरु बनाई संस्थाको प्रभावकारिता अभिवृद्धि गर्नै खाकाहरु निमार्ण गर्ने क्रममा रहेको छ ।

**संगठन तथा जनशक्ति बिकासका लागि योजना, नीति तथा प्राथमिकता**

उपशाखाहरुलाई बढी भन्दा वढी कृयाशिल बनाई  कार्यक्षेत्र भित्र उद्धार सेवा, प्रकोप पूर्वतयारी कार्यक्रमहरु, समुदायलाई सुदृढिकरण, स्वास्थ्य शिविर तथा सामुदायीक कार्यक्रम, संकटाभिमूख क्षेत्रहरुको पहिचान, क्षमता निर्माण, जस्ता कार्यक्रमहरुलाई सघाउ पु-याउन संस्थाको क्षमता अभिवृद्धि गर्ने कदमको थालनी गरिएको छ । उपशाखाहरुलाई विकेन्द्रीकरणको अवधारणा अनुरुप विकास गर्दै लैजाने नीति तथा अवधारणाहरु निर्माण गर्ने कार्यहरु भईरहेको छ । जिल्ला शाखा तथा उपशाखा मार्फत निर्धारित कार्यक्रम कार्यान्वयनका लागि महिला तथा जुरेस, युरेसलाई समेत परिचालन गरी आवश्यकतानुसार परियोजनाहरु तर्जुमा गरिएको छ । कार्यक्षेत्रहरुमा अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गरिने छ । स्वयंसेवकहरुको अधिकतम सहभागिताको प्रयास गरिने छ । स्वास्थ्य सेवालाई बढी भन्दा बढी प्राथमिकता दिई निःशुल्क स्वास्थ्य शिवीरहरु अधिकतम मात्रामा संचालन गरिने छ । प्रकोप व्यवस्थापन, सामुदायीक विकास कार्यक्रम, जुनियर/युवा विकास कार्यक्रम र संगठन तथा जनशक्ति विकासलाई महत्वपूर्ण रुपमा संचालन गर्ने  गरिएको छ । मानवीय संसाधन विकास र  उपशाखाको व्यवस्थापन तथा क्षमता बृद्धि गर्ने कार्यलाई प्रभावकारी वनाउने प्रयासको आरम्भ गरिएको छ । महिला विकासका कार्यक्रमका लागि सहयोगी संस्थाहरुको सहयोग लिई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरुसंग साझेदारी तथा सहभागितामा रणनीतिहरु विकाश गर्ने योजना रहेको  छ ।

**विकास योजना**

जिल्ला शाखाको उपशाखाको चौतर्फी विकासका लागि दिर्घकालिन रुपमा कार्यक्रमलाई स्थापित गर्न र योजनाबद्ध तरिकाले कार्यक्रमको तर्जुमा गर्न विकास योजना निर्माण गर्ने पहलहरु भइरहेको छ । यसका लागी संम्बन्धित विज्ञहरु रहने गरी योजना निर्माण समिति गठन गर्ने योजना रहेको छ । विकास योजनाले निर्दिष्ट गरेको मूलधारमा रही जिल्ला शाखा तथा उपशाखाहरुको रणनीति तय गर्ने व्यहोरा अनुरोध छ ।

**उपशाखा तथा जिल्ला शाखा विकास**

जिल्ला शाखा तथा उपशाखा शुदृढिकरणको लागी  विकास योजना निर्माण कार्यक्रमको तर्जुमा गरिएको छ । जिल्ला शाखा तथा उपशाखाहरुको गतिविधिहरुलाई प्रभावकारी रुपमा संचालन गरी नयां विकासका योजनाहरु निर्माण गर्न महत्वपुर्ण भूमिका निर्वाह गरिने छ । उपशाखाहरुलाई सशक्तिकरण गन परियोजनाहरु संचालन गर्न उपशाखाहरुलाई आर्थिक एवं प्रशासनीक रुपमा शसक्त बनाउने योजना अनुरुप उपशाखाहरुको वस्तु स्थिति अध्ययन गर्नेकार्यको थालनी गरिएको छ ।  जिल्ला शाखा, उपशाखाको कार्यशैली समान रुपमा प्रस्तुत हुन जिल्ला शाखाद्वारा  निरीक्षण गर्ने कार्यलाई निरन्तरता दिएका छौं । निरिक्षण प्रतिवेदन तथा प्रशासकीय पक्ष अध्यावधिकको लागि आवश्यक उपशाखाहरुबाट प्राप्त सुझावहरु एकत्रित गरी सम्भाव्य सुझावलाई प्राथमिकताको आधारमा कार्यान्यवन गरिने छ ।

**उपशाखाहरुको क्षमता अभिवृद्धि कार्यशाखा गोष्ठी संम्पन्न**

यस जिल्ला शाखाले उपशाखाहरुको सशक्तिकरणमा विशेष भूमिका निर्वाह हुने खाका, कार्यतालिकालाई सरलीकरण गने यन्त्र, क्षमता अभिबृद्धिमा सशक्त कदमको थालनी हुने संरचना, समुदायको कार्यक्रममा उनीहरुको सहभागिता एवं कार्यक्रमहरुको संस्थागत रुप विकसित गर्ने योजनाहरु निर्माण गरिरहेको  छ ।_जिल्ला शाखा तथा उपशाखाहरुको शुदृढिकरण, ब्यबस्थापन कार्यलाई मजबुत बनाउन र क्षमता अभिबृद्धि,गरी प्रभावकारी रुपमा कार्य सम्पादन गर्न, गराउन, र प्रशासनिक  एवँ आर्थिक रुपमा शसक्त बनाउन उपशाखा क्षमता अभिबृद्धि कार्यशाला गोष्ठी आयोजना गरिएको जानकारी गराउन चाहन्छु । उक्त गोष्ठीमा उपशाखाको क्षमता अभिबृद्धिका लागि आवश्यक नीति नियम बारे केन्द्रीय कार्य समितिका उपमहामंत्री श्री सुदर्शन नेपालज्यूले तथा लेखा व्यबस्थापन संम्बन्धि कार्यपत्र केन्द्रीय लेखा विभागका उप निर्देशक श्री भर्मदत्त विडारीज्यूले  हालै मात्र प्रश्तुत गर्नु भएको थियो ।

**आर्थिक बर्ष २०६४/६५ को साधारण सभा सम्पन्न गरी जिल्ला शाखामा प्रतिवेदन बुझाउने उपशाखाहरु**

१) स्वयम्भू उपशाखा   २) गणबहाल उपशाखा   ३) फर्पिङ्ग उपशाखा   ४) बुढानिलकण्ठ उपशाखा   ५) शंखरापूर उपशाखा

६) कपन उपशाखा   ७) चावहिल उपशाखा   ८) बानेश्वर उपशाखा   ९) धापासी उपशाखा   १०) कमलपोखरी उपशाखा

११) छत्रपाटी उपशाखा  १४) पभेरा उपशाखा   १५) सीतापाईला उपशाखा

**आर्थिक वर्ष २०६४/६५ को साधारण सभा नगरिएका कारण कार्य समिति विघटन गरिएका उपशाखाहरु**

१) बालाजु उपशाखा   २) ब्रम्हटोल उपशाखा   ३) कीर्तिपूर उपशाखा

( यस उपशाखाहरु हाल तदर्थ समितिको रुपमा कार्यरत छ । )

**आर्थिक बर्ष २०६४/६५ लेखापरिक्षण गरी जिल्ला शाखामा प्रतिबेदन  बुझाउने उपशाखाहरु**

१) स्वयम्भू उपशाखा   २) गणबहाल उपशाखा   ३) छत्रपाटी उपशाखा   ४) फर्पिङ्ग उपशाखा   ५) शंखरापूर उपशाखा

६) पभेरा उपशाखा   ७) कपन उपशाखा   ८) चावहिल उपशाखा   ९) बानेश्वर उपशाखा   १०) धापासी उपशाखा

११) महाबौद्ध उपशाखा  १२) कमलपोखरी उपशाखा

**आर्थिक बर्ष २०६५/६६ साधारण सभा सम्पन्न गरी जिल्ला शाखामा प्रतिबेदन बुझाउने उपशाखाहरु**

| | | | | |
|---|---|---|---|---|
| १) पभेरा उपशाखा | २) शंखरापूर उपशाखा | ३) धापासी उपशाखा | ४) गणवहाल उपशाखा | ५) फर्पिङ्ग उपशाखा |
| ( २०६६ भाद्र १३ गते ) | (२०६६ माघ ९ गते ) | ( २०६६ माघ २३ गते ) | ( २०६६ चैत्र १४ गते ) | ( २०६६ चैत्र १५ ) |

**निर्वाचन संम्पन्न**

क) यस जिल्ला शाखा अन्तर्गतका उपशाखाहरु बुढानिलकण्ठ तथा स्वयम्भूका सभापतिहरु क्रमस जिल्ला शाखाका उपसभापति र कोषाध्यक्ष पलमा नियूक्त हुनु भएकोले उक्त दुवै उपशाखाका सभापतिहरुले राजिनामा दिएका कारण रिक्त हुन गएका सभापतिहरुको निर्वाचन हुंदा स्वयम्भूमा राजेन्द्र श्रेष्ठ तथा बुढानिलकण्ठमा नेहा भण्डारी निर्विरोध निर्वाचित भएको जानकारी गराउन चाहन्छु ।

ख) तदर्थ समितिमा रहेका मीनभवन, कोटेश्वर उपशाखाको सम्पन्न निर्वाचन बाट निर्विरोध रुपमा निम्नानुरसारका सभापति तथा सदश्यहरु निर्वाचित भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

सभापति : हेमशागर ढुंगेल

सदश्यहरुमा : गीता पोखरेल, चोभराज पराजुली, सविता भट्टराई, गणेश प्रसाद दुलाल, उज्जन श्रैष्ठ, राजकुमार पराजुली

**उपशाखाहरुमा गतिविधिहरु संचालन**

यस शाखा अन्तर्गतका उपशाखाहरुले विभिन्न समयमा विभिन्न किसिमका कार्यक्रम तथा गतिविधिहरु संचालन गर्दै आईरहेको छ । नियमित रुपमा निशुल्क स्वास्थ्य शिविर, अकुपंचर शिविर, रक्तदान र विविध किसिमका तालिम तथा जनचेतनामूलक कार्यक्रमहरु आयोजना गर्दै आएका छन् ।

( बिस्तृत विवरण अनुसूची १ मा राखिएको छ )

**स्वयँसेवीहरुको मुल्याङ्कन तथा जीवन विमाको ब्यबस्था**

बिगत चार बर्ष देखि यसशाखामा सकृय स्वयँसेवीहरुका संख्यामा निरन्तर बृद्धि हुनुका साथै प्राकृतिक प्रकोप, आन्दोलन, मेला-पर्ब द्वण्द हडताल जस्ता आकस्मिक अबस्थामा स्वास्थ्य, प्राथमिक उपचारसेवा तथा राहत प्रदान गर्दै आएको छ । यस्ता सेवाहरु अझ बढी प्रभावकारी बनाउने उदेश्यले यसै वर्ष देखि केन्दद्धारा सकृय स्वयँसेवीहरुका कार्य मूल्याँकन तथा अभिलेखको कम्फ्यूटराईज गर्ने ब्यबस्था गरिऐको छ । साथै **ICRC** को सहयोगमा जीवन विमाको पनि व्यबस्था गरिएको छ ।

**जिल्ला शाखाबाट स्थायीरुपमा संचालन हुने कार्यक्रमहरु**

**निरिक्षण तथा अनुगमण**

उपशाखाहरुको कार्यक्षमता कार्यशैली अभिवृद्धि गर्न वर्तमान कार्यसमितिले सवै उपशाखाहरुको निरिक्षण तथा अनुगमन गर्ने कार्यको थालनी गरिएको छ । उपशाखाहरुलाई व्यवस्थित र नियमानुसार कार्यसम्पादन र सहयोग प्रदान गर्न विभिन्न किसिमका तालिमहरु संचालन गरिने छ । यसका लागि केन्द्रीय कार्यालयबाट विज्ञहरुको सहयोग लिईने छ ।

**ओरियन्टल ट्रिटमेन्ट कम् ट्रेनिङ्ग सेन्टर**

जापानी सरकार तथा जापानी संस्था योमोगिनोकाईको सहयोगमा यस जिल्ला शाखाले २०४९ माघ महिना देखि निरन्तर रुपमा ओरियन्टल ट्रिटमेन्ट कम् ट्रेनिङ्ग सेन्टर नामक स्वास्थ्य केन्द्र स्थापना गरी अकुपंचर उपचार सेवा तथा तालिम संचालन गदै आइरहेको छ । नेपाल सरकार, प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त नेपाल अधिराज्य कै पहिलो संस्थाका रुपमा रहेको यस सेन्टरले परम्परागत उपचार पद्धति द्वारा वार्षिक १० हजार देखि १५ हजार विरामीहरुको उपचार गरिदैं आइरहेको छ । हालसम्म १०२ भन्दा बढी दक्ष जनशक्ति उत्पादन गरिसकेको छ । हाल यस सेन्टरमा १५ जना बिद्यार्थी अध्ययनरत रहेका छन । यस संस्थाले विगतका दिनहरुमा तीन वर्षिय अकुपँञ्चर, अकुप्रेसर, मोग्जीवुसन AAM कोर्ष संचालन गरिएकोमा केहि वर्ष देखि १५ महिने AAMA कोर्ष संचालन गरिदै आइरहेको छ । क्लिनिक संचालनलाई प्रभावकारी रुपमा बढावा दिन निःशुल्क अकुपंचर शिवीरहरु संचालन गरिदैं आईरहेको छ । यसै क्रममा स्वयम्भु उपशाखाको आयोजनामा आनन्द भूवन विहार डल्लू भगवान पाउ र ब्रम्हटोल उपशाखाको आयोजनामा निशुल्क अकुपंचर शिविरहरु संचालन गरिएको छ ।

**एम्बुलेन्स सेवा**

यस जिल्ला शाखाले विरामीहरुलाई सुरक्षित अवस्थामा उपचार कक्ष सम्म समयमानै पु□याउन २४ घण्टे एम्बुलेन्स सेवा निरन्तर रुपमा संचालन गर्दै आइरहेको छ । यस सेवामार्फत आपत विपतमा परेका विरामीहरुका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न चालकहरुलाई प्राथमिक उपचार तालिम प्रदान गरिएको छ । यस सेवालाई अझ व्यापक बनाउन उपशाखाहरु मार्फत थप एम्वुलेन्स सेवा विस्तार गर्ने योजना रहेको छ । २०६५ श्रावण देखि २०६६ आषाढ मसान्त सम्म ४९२ परिवारले यो सेवा प्राप्त गरेको व्यहोरा समेत अनुरोध गर्दछु ।

## एम्बुलेन्स सेवा संचालन नीति तथा व्यवस्थापन

एम्बुलेन्स संचालन सेवा एक सम्वेदनशील सेवाको रुपमा लिने गरेको छ । विरामीको जीवन रक्षाको निमित्त यस सेवाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसलाई व्यवस्थित रुपले संचालन गर्न सकिएमा स्तरीयता र प्रभावकारीता आउनेमा दुइमत छैन । यसलाई व्यवस्थित गर्न नेपाल सरकारको स्वास्थ्य मंत्रालयबाट एम्बुलेन्स संचालन नीति २०६० तयार गरेको छ । यसलाई कार्यान्वयनमा ल्याउन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा यस जिल्ला शाखाको मंत्री समेत रहेको एम्बुलेन्स संचालन समिति गठन भएको भएता पनि काठमाडौं भित्र संचालन हुने एम्बुलेन्स संचालकहरुलाई यी नीति नियमबारे  जानकारी दिन सकिएको थिएन । यस बारे विभिन्न सरकारी, निजी अस्पताल, नसिङ्गहोम, सामाजिक संघसंस्थाका एम्बुलेन्स संचालकहरुको सहभागितामा यस जिल्ला शाखाले एम्बुलेन्स संचालन नीति तथा व्यवस्थापन सम्वन्धि अन्तरक्रिया कार्यक्रमको आयोजना गरेका थियौं । उक्त कार्यक्रममा यस जिल्ला शाखाका मंत्रीद्धारा एम्बुलेन्स व्यवस्थापन नीति र कार्यन्वयनका लागि गर्नु पर्ने पहल सम्वन्धमा  कार्यपत्र प्रश्तुत गर्नु भएको थियो । कार्यक्रम पश्चात काठमाडौं जिल्ला भित्र संचालन हुने एम्बुलेन्सको वर्गिकरण र सूचिकरण गर्न व्यवस्थापन  समितिलाई सिफारिस समेत भई सकेको व्यहोरा  जानकारी गराउन चाहन्छु ।

## रक्तदान कार्यक्रम

यस जिल्ला शाखाले रक्तसंचार सेवालाई टेवा पुऱ्याउन विभिन्न संघसंस्थाहरुको सहकार्यमा विभिन्न समयमा रक्तदान कार्यक्रमको आयोजना गरिदैं आएको छ । आवश्यकता अनुसार रक्त संकलनको अभियानमा यस जिल्ला शाखा सदैव कार्यरत रही आएको छ । जिल्ला तथा उपशाखाहरुको सहकार्यमा घुम्ती रक्तदान कार्यक्रमको आयोजना पनि गर्दै आएको छ । काठमाडौ उपत्यकामा बढ्दो जनसंख्या र अनियन्त्रित सवारी साधनको परिचालनले गर्दा दिन प्रतिदिन हुने दुर्घटनाका कारण रगतको माग दिन प्रतिदिन बढ्दै गईरहेको छ । यस अबस्थामा यस जिल्ला शाखाले रक्तदान कार्यक्रमलाई अझ ब्यापक बनाउन समुहगत रुपमा  रक्तदाताहरुको नामावली संकलन गरी आवश्यक अवस्थामा यथाशिघ्र रगत उपलब्ध गराउन आधुनिकिरणको व्यवस्थाको लागि महत्वपूर्ण  पहल गरिरहेको छ ।

## आजीवन तथा साधारण सदस्यहरुको लागि प्रमाण पत्र

रेडक्रसको उपादयता यसको मूल मान्यता सिद्धान्तलाई अंगिकार गर्न र यसको पहिचान बढाउन परिचय पत्रको व्यवस्था गरिएकामा कतिपय अवस्थामा परिचय पत्र वाहकले परिचय पत्र दुरुपायोग गर्ने गर्दा सोसाइटीलाईनै आँच आउने किसिमका कार्यहरु भएको जानकारीहरु प्राप्त हुन आएको छ । परिचय पत्रकै कारणबाट रेडक्रस चिन्हको दुरुपयोग समेत हुने गरेकोले केन्द्रीय कार्यालयद्वारा परिचय पत्रको व्यवस्था नगर्न निर्देशन प्राप्त भएको छ । यसैलाई पालना गरी आजीवन सदस्यता प्राप्त गर्ने महानुभावहरुको लागि प्रमाण पत्रको व्यबस्था गरिएको छ ।

## जिल्ला शाखाबाट भएगरेका कार्यक्रमहरु

### युवा तथा जुनियर विकास कार्यक्रम

रेडक्रसको मेरुदण्डको रुपमा रहेको जुनियर/युवा समितिले विद्यार्थी जीवन देखिनै समाजको तल्लो समुदाय सम्म रेडक्रसको सिद्धान्त, गतिविधि, मूल्य मान्यता र आइपर्ने विपत्ति र बिकृतिहरु विरुद्ध लड्न क्षमतावान नागरिक तयार पार्न, अन्तराष्ट्रिय मानवीय कानुन र रेडक्रस वारे प्रचार प्रसार गर्न, मानवीय र सामाजिक सेवा कार्यमा सदैव क्रियाशिल रहन सवल भूमिका खेल्दै आएको छ । अन्तराष्ट्रिय मानवीय कानून र रेडक्रसको ज्ञान प्रचार प्रसार गर्न मानवीय सेवा कार्यमा निरन्तर रुपमा क्रियाशील रहने कार्यमा जुरेस र युरेसको भूमिका प्रभावकारी रही आएको छ । यसलाई अझ सशक्त रुपमा परिचालन गर्न यस जिल्ला शाखा निरन्तर प्रयत्नशील रहेको छ । रेडक्रसको प्रत्येक क्रियाकलाहरुमा जुनियर तथा युवाको अहम भूमिका रहँदै आएको छ । यी सर्कलहरुले स्वास्थ्य, सामाजिक, बौद्धिक विकाश, खेलकुद, नेतृत्व, विकास, एच.आई.भि. एड्स न्यूनिकरण, प्राकृतिक प्रकोप व्यवस्थापन तालिम, प्राथमिक उपचार तालिम आदि जस्ता कृयाकलापहरुमा नियमित बृद्धि गर्दै आउनुका साथै ने.रे.सो.काठमाडौं जिल्ला शाखा तथा केन्द्रीय कार्यालयद्वारा आयोजित प्राय सम्पूर्ण कार्यहरुमा आवश्यकता अनुसार सक्रिय सहभागिता तथा सहयोग जनाउँदै आईरहेको छ । हाल यस जिल्ला शाखामा ७७ जुनियर तथा २७ यूथ सर्कलहरु कार्यरत रहेका छन ।

### महिला विकास कार्यक्रम

यस जिल्ला शाखाले महिलाहरुको चौतर्फी विकाशका लागि विभिन्न कार्यक्रम तथा गतिबिधिहरु तर्जुमा गरी महिलाहरुलाई जागरुक बनाउन योजना निर्माण गर्ने कार्यहरु गरिरहेको छ । यस जिल्ला शाखाले सबै उपशाखाका महिलाहरुलाई बढी भन्दा बढी सहभागिता गराउने मूल उद्देश्य अनुरुप महिला सहभागीतामा जोड् दिदै आईरहेको छ । महिला सशक्तीकरण तथा क्षमता अभिबृद्धिका लागि उपशाखाका महिला प्रतिनिधिहरुको सहभागितामा बिभिन्न गोष्ठी,अन्तरकृया,प्राथमिक उपचार, नेतृत्व विकास,प्रकोप ब्यबस्थापन, शीपमुलक जस्ता तालिमहरु प्रदान गर्ने योजना रहेको छ । उपशाखा तथा समुदायका महिलाहरुलाई आत्म निर्भर बनाउने र दक्ष जनशक्ती तयार गर्ने यस कार्यक्रमको उदेश्य मुख्य  रहेको छ । यसका लागि जिल्ला महिला समितिबाट सवै उपशाखाहरुमा महिला उपसमिति गठन गर्न उत्प्रेरित गरिएको छ ।

### स्वास्थ्य सेवा कार्यक्रम

यस जिल्ला शाखाले स्वास्थ्य सेवा कार्यक्रमलाई पनि प्रमुख कार्यक्रमको रुपमा लिदै आएको छ । शहरी क्षेत्र छोडी ग्रामिण जनसमुदायको चित्रण हेर्दा स्वास्थ्य क्षेत्रलाई गाउंघर सम्म पु-याउनु पर्ने आवश्यकता महसुस गरिएको छ । कतिपय गाउंमा स्वास्थ्य चौकी समेत नरहनु र उपचारका लागि शहर धाउनु पर्ने वाध्यताले ग्रामिण समुदाय स्वास्थ्य सेवाबाट बञ्चित भएका छन् । आवश्यक पुर्वाधारका कमिले आफुलाई लागेको रोगलाई उपचार गर्न नसकी छट्पटिएका छन् । यस्ता समुदायको लागि यस जिल्ला शाखाले  स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य लिई उपशाखाहरु मार्फत विभिन्न गाउं क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविरहरु संचालन गर्दै आइरहेको छ । ग्रामीण भेगका वासिन्दालाई आपतकालीन अवस्थामा रगतको आवश्यकता पर्दा रेडक्रसले रगत दिन्छ भन्ने सोचाई अनुरुप रगत उपलब्ध गराउन सक्रिय भूमिका निर्वाह गर्दै आएको छ ।  रेडक्रसका उपशाखाहरुको पहलमा रक्तदान कार्यक्रमहरु संचालनमा प्राथमिकता दिंदै आइरहेको छ । रक्तदान कार्यक्रम संचालन गर्ने संघ संस्थाहरुको उच्च मूल्याङ्कन गर्दै आईरहेका छौं । उपशाखाहरु मार्फत आँखा शिविरहरुको साथै सहभागितामूलक कार्यक्रम संचालन गर्न सदैव उत्प्ररित गर्ने कार्यहरु पनि गरिदैं आएका छौं ।

## आर्थिक तथा श्रोत परिचालन

जिल्ला शाखा तथा उपशाखाहरुको संस्थागत विकासको लागि आर्थिक तथा श्रोत परिचालन समितिले महत्वपुर्ण भूमिका निर्वाह गर्दै आईरहेको छ । विभिन्न दातृ निकायको सहयोग अनुदान र चन्दा यस शाखाको मुख्य श्रोत रही आएको छ । यस वाहेक आजीवन, विशिष्ट, यशष्कर सदस्यहरुबाट प्राप्त शु:ल्क शाखा तथा उपशाखाको आम्दानीको नियमित श्रोत रुपमा रहेको छ । जिल्ला शाखाको सिमिति श्रोतको प्रयोग र अन्य श्रोत साधन र सहयोगबाट आफ्ना सेवाहरु संचालन गर्दै आइरहेको छ । यस जिल्ला शाखाको आफ्नै भवन भएको कारणबाट जिल्ला शाखाको नियमित कार्यक्रमहरु सम्पन्न गर्न केही हद सम्म सजिलो भएको छ । तापनि संस्थाको सुदृढिकरण र संस्थागत विकासको लागी आर्थिक पक्ष मजबुत हुनु अति जरुरी छ । यसलाई मध्यनजर गरी श्रोत परिचालन समितिले विभिन्न कार्यक्रम संचालन गरी आय आर्जन गर्ने प्रयासहरु गरी आएको छ । त्यसबाट संचित रकमबाट केही हदसम्म आर्थिक पक्षमा टेवा पुग्ने विश्वास लिएका छौं । यसलाई अझ दिगोरुपमा संचालन गर्न विभिन्न आयमूलक कार्यक्रम संचालन गर्ने कार्यको तयारी भैरहेको जानकारी गराउन चाहन्छु ।

## ४६ औं विश्व रेडक्रस दिवस संम्पन्न

घाईतेहरुको उद्धारका लागि स्वयंसेवी संस्थाको रुपमा रेडक्रस सोसाइटी, रेडक्रिसेन्ट सोसाइटी, रेडक्रिष्टल सोसाइटी, यी तीन नामबाट संसारको १८६ + मालदिप्स १ समेत गरी १८७ देशमा यस्का स्वयंसेवीहरु कार्यरत छन् । रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीका मानवीय सेवाहरु, गतिविधिहरु सयौं वर्ष अगाडी देखि समर्पित रहँदै आएको छ, भने रेडक्रिष्टलको नामबाट इजराइल रेडक्रिस्टल गठन गरिएको छ । यी चिन्हहरु फरक फरक देखिएता पनि वास्तवमा विश्व भरिनै एउटै मुल्य, मान्यता र मानवीय कानुनमा काम गर्ने गर्छन । विश्व रेडक्रस स्थापना भएको १४६ वर्ष पुरा गरी १४७ वर्षमा प्रवेश गरेको छ । यस इतिहासलाई स्मरण गर्न ICRC तथा केन्द्रीय कार्यालयको आयोजनामा यस जिल्ला शाखाको आतिथ्यमा विश्व रेडक्रस दिवस कार्यक्रम विगत वर्षहरुमा झैं यस वर्षमा पनि भव्य रुपमा मनाउने कार्यक्रम रहेको छ । उक्त अवसरमा र्‍यालीमा कार्यक्रमको पनि आयोजना गरिएको थियो । र्‍यालीमा ICRC का पदाधिकारी, कर्मचारी, केन्द्रीय कार्यालयका पदाधिकारी, सदस्य एवं कर्मचारीहरु, जिल्ला शाखाका पदाधिकारी, सदस्य कर्मचारीहरु, उपशाखाका पदाधिकारी एवं सदस्यहरु जुनियर तथा यूथ सर्कलका सदस्यहरु, स्वयंसेवीहरु, संघसंस्थाका प्रतिनिधिहरु, रेडक्रस प्रेमीहरु गरी ३०००को सहभागिता रहेको थियो । र्‍यालीमा सहभागी उत्कृष्ट ठहरिएका जुनियर सर्कल प्रथम पद्मोदय हाई स्कूल, द्धितीय गीतामाता उच्च मा.वि. र तृतीय रिलायन्स बोर्डिंग स्कूललाई यस वर्ष पुरस्कार प्रदान गरिएको छ । रेडक्रसको यस्ता महत्वपूर्ण कार्यक्रमको अभिभारा यस जिल्ला शाखालाई जिम्मेवारी दिएकोमा केन्द्रीय कार्यालयलाई धन्यवाद दिन चाहन्छु । यस कार्यलाई पूर्णता दिन सहयोग पुर्‍याउने सवै प्रति यस जिल्ला शाखा आभार व्यक्त गर्दछ ।

## कविता प्रतियोगिता सम्पन्न

४६ औं विश्व रेडक्रस दिवसको उपलक्षमा १६ वर्ष मुनिका व्यक्तिहरुका लागि **परोपकार वा मेरो संसार** र १६ वर्ष भन्दा माथीका लागि **मानवता वा विविधताको** सम्मान शिर्षकमा कविता प्रतियोगिताको आयोजना गरिएको छ । उक्त प्रतियोगितामा ४७३ वटा कविताहरु दर्ता भएकोमा निर्णायकहरु दुर्गालाल श्रेष्ठ, विमला तुंछेवा र गणेश राईबाट निम्नानुसार उत्कृष्ट घोषणा गरिएकोले कविहरुलाई नगद, मेडल, तथा प्रमाण पत्रद्धारा बसन्तपूरको डवलीमा त्यसै दिन सम्मान गरिएको छ ।

**१६ वर्ष भन्दा मुनीका कवितामा पुरष्कृत**

| क्र.सं. | नाम | बिद्यालय | श्रेणी | शिर्षक |
|---|---|---|---|---|
| १ | किरण अवस्थी | गुहेश्वरी बालशिक्षा मा.वि. | प्रथम | परोपकार |
| २ | एलिना श्रेष्ठ | रत्नराज्य उच्च मा.वि. | दोश्रो | ,, |
| ३ | इच्छा रुपाखेती | मच्छेनारायण गा.वि.स. | तेश्रो **(I)** | मेरो संसार |
| ४ | उदेश पाण्डे | दिपज्योती आ.मा.वि. | तेश्रो **(II)** | ,, |
| ५ | सिमरन अर्याल | त्रियोग मा.वि. | तेश्रो **(III)** | परोपकार |

**१६ वर्ष भन्दा माथीका कवितामा पुरष्कृत**

| क्र.सं. | नाम | निकाय | श्रेणी | शिर्षक |
|---|---|---|---|---|
| १ | धर्मराज रेग्मी | डल्लु, काठमाडौं | प्रथम | विविधताको सम्मान |
| २ | भवानी पौडेल | कीर्तिपुर | दोश्रो | मानवता |
| ३ | सीता सन्ध्या राई | ठिमी, भक्तपुर | तेश्रो **(I)** | ,, |
| ४ | श्यामहरी अधिकारी | ने.रे.सो. केन्द्र | तेश्रो **(II)** | ,, |
| ५ | सकुन कुमार जोशी | सीतापाइला | तेश्रो **(III)** | विविधताको सम्मान |

## एकता नामक पत्रिका प्रकाशन

रेडक्रसको अभियान र यसका सिद्धान्तहरुको प्रचार प्रसार गर्न र शाखा उपशाखाहरुद्वारा संचालित सेवामूखी कार्यक्रमहरु जनमानस सम्म प्रवाह गर्ने उद्देश्यले यस शाखाले यसै वर्ष देखि रेडक्रसको सात सिद्धान्तलाई प्रयोग गरी **एकता** नामक द्धैमासिक पत्रिका प्रकाशनमा ल्याएको छ । उक्त पत्रिकामा जिल्ला तथा उपशाखाहरुको गतिविधिहरु तथा कार्यक्रमहरुको विवरण समावेश गरिएको छ ।

## अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न

यस जिल्ला शाखाको रेडक्रस कार्य टोलीद्धारा गरिएका कृयाकलाप तथा गरिएका प्रयासहरुबारे नेरेसो सर्लाही, सिराहा र महोत्तरी जिल्ला शाखाका रेडक्रस कार्य टोली सदश्यहरु संग अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न गरिएको छ । **ICRC** को सहयोगमा सम्पन्न उक्त कार्यक्रममा जिल्ला शाखाका मंत्री संघरत्न शाक्य, रेडक्रस कार्य टोलीका नेता राजेन्द्र श्रेष्ठ तथा डि.डि.आर.टी संयोजक शारदा कान्त अधिकारीबाट रेडक्रस कार्य टोली संम्बन्धमा कार्यपत्र प्रश्तुत गर्नु भएको थियो

**अभिमुखिकरण कार्यक्रम**

रेडक्रसको गतिविधि रेडक्रस अभियान आचार संहिता मानवीय कानून र सात सिद्धान्तहरु बारे प्रचार प्रसार गर्ने उद्देश्यले विभिन्न स्कूल, कलेज, क्याम्पस तथा समूदायहरुमा अभिमूखिकरण कार्यक्रम संचालन गर्ने कार्यहरु भईरहेको जानकारी गराउन चाहन्छु ।

**रक्तदान सम्बन्धि गीत CRBT मा**

रक्तदानलाई उत्प्रेरण तथा रक्तदाताहरुलाई थप जनचेतना प्रदान गर्न  यस जिल्ला शाखाको पहलमा रक्तदान जागरण गीत सवैका लागि CRBT मा राखिएको छ । यस गीतलाई **डाउन लोड** गर्न चाहने स्वयँसेवीले ०१३००१७१८६, र ०१३००१७१८७ डायल गर्न सक्नु हुने व्यहोरा जानकारी गराउन चाहन्छु । स्मरणीय रहोस यस गीतलाई केन्द्रीय महामंत्री देवरत्न धाख्वाले २०६१ आश्वीन १६ गते विमोचन गरिएको थियो ।

**यस जिल्ला शाखाका सभापति रक्तसंचार केन्द्रमा**

रक्तसंचार केन्द्रमा रक्त संकलन तथा वितरण प्रणालीलाई व्यबस्थित एवं समयानुकुल र शुदृढिकरण गर्नका लागि गठित रक्तसंचार व्यबस्थापन समितिमा यस जिल्ला शाखाका सभापति मुकुन्द बहादुर प्रधानलाई त्यस रक्तसंचार व्यबस्थापन समितिको सभापति पदमा मनोनयन गरिएको जानकारी गराउन चाहन्छु । उहाँलाइ यसै सभाद्धारा बधाई ज्ञापन गर्दछु । उहाँको कार्यकालमा रक्त व्यबस्थापन कार्य अझ प्रभावकारी हुने आशा लिएका छौं ।

**रेडक्रस सन्देश तालिम प्रदान**

प्राकृतिक प्रकोप दृष्टिकोणले अतिसंकटाभिमुख समुदाय सम्म विकास गर्न र बेपत्ता मानिसहरुको खोजतलास गरी रेडक्रस सन्देश पुर्‍याउने उद्देश्यले उपशाखा सम्म रेडक्रस सन्देश समुह निर्माण गर्ने योजना अनुरुप प्रथम चरणमा यस जिल्ला शाखाका आठवटा उपशाखाहरु तथा यस वर्ष पनि प्रत्येक उपशाखाबाट एक जना सम्पर्क व्यक्तिलाई छनौट गरी रेडक्रस सन्देश सम्वन्धि तालिम प्रदान गरिएको छ । यस कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्न कार्यसमिति सदश्य श्यामवहादुर खत्रीज्यूलाई फोकल पर्सनको रुपमा तोकिएको छ ।

| **क.सं** | **नाम** | **उपशाखा** | **क.सं.** | **नाम** | **उपशाखा** |
|---|---|---|---|---|---|
| १ | दिपेन्द्र श्रेष्ठ | सीतापाईला | २ | ललिक बहादूर महर्जन | पभेरा |
| ३ | गीता पोखरेल | मीनभवन | ४ | दीपक धिताल | बुढानिलकण्ठ |
| ५ | जगदिश श्रेष्ठ | शंखरापुर | ६ | कृष्ण प्रसाद उप्रेती | चावहिल |
| ७ | राज्य लक्ष्मी शाक्य | ब्रम्हटोल | ८ | कृष्ण गिरी | स्वयम्भू |

**रेडक्रस चिन्ह दुरुपयोग नियन्त्रण कार्यक्रम**

रेडक्रस चिन्ह यस रेडक्रस अभियानको प्रतिक चिन्ह मात्र नभएर सशस्त्र संघर्षको समयमा सुरक्षा चिन्ह पनि भएकोले यस्को गरिमा र महत्वलाई जोगाई राख्नु हामी सवैको साझा कर्तव्य हो । यो चिन्ह मुख्यतः सशस्त्र संघर्षको समयमा चिकित्सक टोली र ती टोलीहरुलाई सहयोग पुर्‍याउन रेडक्रस संस्थाले आफ्नो सुरक्षाका लागि र शान्तिकालमा रेडक्रसका निकायहरुका पहिचानको लागि मात्र प्रयोग गर्न पाउने व्यवस्था रहेको छ । यो चिन्ह सम्वन्धी जानकारीको अभावमा केहि क्लिनिक, नर्सिङ्गहोम, औषधी पसल, एम्बुलेन्स र सवारी साधनमा अनाधिकार रुपमा प्रयोग भई दुरुपयोग भइरहेकामा यस शाखाले ५ वर्षको अथक प्रयास पछि दुरुपयोग रोकथाम गर्न सफल भएको छ । यस सम्वन्धमा विषेश टोली गठन गरी व्यापक रुपमा परिचालन गरिएको थियो । हाल केहि उपशाखाहरु अन्तर्गत स्थानहरुमा चिन्ह दुरुपयोग भईरहेको जानकारीमा आएको छ । यस्ता दुरुपयोगहरु यहाँहरुले देख्नु भएको छ भने कृपया जिल्ला शाखामा खबर गरी दिनु भई वा यहाँहरुको आफ्नै पहलबाट दुरुपयोगमा रोक लगाउन सहयोग गरी दिनु हुन हार्दिक अनुरोध छ ।

**आर्थिक नियमावली निर्माण**

यस जिल्ला शाखाको आर्थिक प्रणालीलाई व्यबस्थित बनाउन र नियमावली भित्र रही आर्थिक कार्यको सम्पादनमा सरलीकरण गर्न उपमंत्री सूर्यप्रसाद बज्राचार्यले तयार गरी प्रश्तुत गर्नु भएको आर्थिक नियमावली २०६६ लाई कार्यसमितिबाट पारित गरी कार्यान्वयनमा ल्याएको छ । यस अधिवेशन पश्चात सवै उपशाखाहरुमा एक,एक प्रति नियमावली उपलब्ध गराईने छ । यस अधिवेशन देखि त्यस उपशाखाहरुमा पनि यसै नियमावली अन्तर्गत रही आर्थिक कारोबार गर्नहुन समेत अनुरोध गर्दछु ।

**लेखा समितिको गठन**

यस जिल्ला शाखाको आन्तरिक लेखा प्रणाली तथा कारोबारलाई नियमित, विकसित र पारदर्शी बनाई सुपरिवेक्षण, लेखापरिक्षण तथा लेखा व्यबस्थापनमा सहयोग पुर्‍याउने उद्देश्यले श्री अच्यूत मान श्रेष्ठ संयोजकत्वमा  निम्न सदश्यहरु रहेको लेखा समिति गठन गरिएको छ । यस लेखा समितिबाट जिल्ला शाखाको आर्थिक कारोबारलाई पारदर्शी बनाउन सहयोग हुने विश्वास लिएको  छु ।

लेखा समितिका सदश्यहरु
१) कैलाश पतिन्द्र अमात्य
२) तेज नारायण मानन्धर
३) संघरत्न शाक्य        मंत्री        पदेन सदश्य
४) बृद्धिमान शाक्य        कोषाध्यक्ष        पदेन सदश्य

**प्रचार प्रसार प्रदर्शनी**

यस जिल्ला शाखाको रेडक्रस कार्य टोली तथा सीतापाईला उपशाखाका संयूक्त आयोजनामा ५ दिने क्यान ईन्फोटेक मेलामा रेडक्रस ज्ञानको प्रचार प्रसार तथा अन्तराष्ट्रिय मानवीय कानून सम्बन्धि प्रदर्शन गरिएको छ । उक्त अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरी २४६ पिन्ट रगत संकलन गरिएको जानकारी गराउन चाहन्छु ।

**सडक नाटक प्रदर्शन**

रेडक्रसको गतिविधि, प्रकोप पूर्वतयारी, रेडक्रस सन्देश, वेपत्ता मानिसहरुको खोजतलास सम्बन्धि गतिविधिहरुलाई प्रमुख विषय वनाई यस जिल्ला शाखाको स्वयंसेवीहरुलाईनै कलाकार बनाई निर्माण भएको **मानवीय सेवाकार्य रेडक्रस** नामक सडक नाटकको लेखन कार्य श्री सुरेश किरण मानन्धरले र निर्देशन श्री रमेशकाजी स्थापितले गर्नु भएको थियो । सो नाटक उपत्यकाका ३ वटै जिल्लाहरुमा प्रदर्शन गरिएको थियो । यस नाटकमा विभिन्न भूमिका निर्वाह गर्ने स्वयंसवीहरु निम्नानुसार रहेका छन ।

| क्र.सं. | नाम | क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|---|---|
| १ | राजेन्द्र श्रेष्ठ | २ | शारदाकान्त अधिकारी | ३ | लक्ष्मीनाथ मौदगल्या |
| ४ | इन्दिरा पौडेल | ५ | राजीव अधिकारी | ६ | जेनिश नकर्मी |
| ७ | पार्वती पुडासैनी | ८ | उषामैंया रजित | ९ | निराजन कायष्ठ |
| १० | डेकेन्द्र पोखरेल | ११ | अनिता रंजित | १२ | राधिका भण्डारी |
| १३ | राजुकुमार लिम्बु | १४ | पुरुषोतम आचार्य | | |

**सल्फेरिनो २००९ अभियान शुभारम्भ**

सल्फेरिनो युद्धको १५० औं वर्ष पुगेको अवसर पारेर विश्वब्यापी रुपमा पनाउन लागिएको हाम्रो संसार तपाईको प्रयास २००९ अभियान विषेश कार्यक्रमको समुद्घाटन ने.रे.सो. केन्द्रीअ अध्यक्ष श्री संजीव थापाबाट दीप प्रज्वलन गरी शुभारम्भ गरिएको थियो । उपत्यकाका तिनै जिल्ला शाखाहरुको संयूक्त तत्वाबधानमा आयोजित उक्त कार्यक्रममा नेरेसो काठमाडौं जिल्ला शाखाका सभापति श्री मुकुन्द बहादुर प्रधान भक्तपुर जिल्लाका सभापति मनोज थापा ललितपुर जिल्ला शाखाका सभापति विपिन चित्रकार समेतको सभापतित्वमा सम्पन्न त्यस कार्यक्रममा नेरेसो केन्द्रीय महामंत्री देवरत्न धाख्वाले सल्फेरिनो २००९ को अभियान वारे आफनो विचार राख्नु भएको थियो । नेपाली सेनाका कर्नेल श्री निरेन्द्र प्रसाद अर्यालको उपस्थिति रहेको उक्त कार्यक्रममा नेपालका लागि रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरुको अन्तरार्ष्ट्रिय महासंघ नेपालका प्रतिनिधि श्री आण्डिया रेईसिंगर र रेडक्रस अन्तरार्ष्ट्रिय समितिका नेपालको प्रतिनिधि मंण्डल श्री मेरी वर्ज्जले आ–आफ्नो भनाईहरु राख्नु भएको थियो । सन् १८५९ को जुन महिनामा इटालीको सल्फेरिनामा भएको स्थल युद्धमा ४० हजार भन्दा बढी सैनिक घाइते भएको र ६ हजार भन्दा बढी सैनिकको मृत्यु भएको अवस्थामा त्यस युद्धका प्रत्यक्षदर्शी ३१ वर्षीय स्वीस नागरीक जाँ हेनरी ड्युनाले घाईतेहरुका लागि सक्दो सहयोग गर्नुका साथै स्थानीय समुदायसंग पनि सहयोग आव्हान गरे । सो अनुसार स्थानीय व्यक्तिहरु खासगरी महिला तथा युवाहरुको सहयोग प्राप्त भयो । उनको यो मानवीय सहायताको प्रयास संसारभर प्रशंसनीय रहेको छ । सल्फेरिनो युद्धको मानवीय प्रभाव देखेर ड्युनाले आफ्ना पुस्तक “सल्फेरिनोको सम्झना” मार्फत निम्न दुई प्रस्तावहरु राखे **विश्वब्यापी रुपमा युद्ध पीडितहरुको सहयोगका लागि अन्तरार्ष्ट्रिय स्वयंसेवी संस्थाको स्थापना, र घाईते सैनिक , गैरसैनिक, उद्धारकर्मी स्वयंसेवक तथा कर्मचारीहरुको सुरक्षा र सम्मानका लागि अन्तर्राष्ट्रिय सम्झौता** यसको सम्झना स्वरुप सन् २००९ मा वर्ष भरी विभिन्न कार्यक्रम गरी मनाईएको छ । यो कार्यक्रम ७५ जिल्लामा एकै साथ एकै समय माघ २४ गते बसन्तपुरको दशअवरतार डवलीमा साँझ ठीक ६ बजे घडीको टिक..टिक संगै शुभारम्भ गरिएको थियो । यस कार्यक्रमको व्यबस्थापन RCAT ले गरिएको थियो ।

**सल्फेरिनो अभियानबारे फोटो प्रदर्शनी**

सल्फेरिनो अभियानको १५० औं वर्ष पुगेको उपलक्षमा सल्फेरिनो अभियानका विभिन्न पक्षहरुबारे बबरमहलको आर्ट ग्यालरीमा स्वेत श्याम तथा रंगीन फोटो प्रदर्शनीको आयोजना गरिएको छ । उक्त प्रदर्शनी आइ.सि.आर.सी.को सहयोगमा सम्पन्न गरिएको थियो ।

**यस जिल्ला शाखामा संचालित परियोजनाहरु**

**समुदायमा आधारित बहूखतरा जोखिम न्यूनिकरण कार्यक्रम सम्पन्न**

भौगोलिक दृष्टिकोणले नेपाल अधिकांश प्रकोपका घटनाहरु भईरहने राष्ट्रको रुपमा परिचित रहँदै आएको छ । यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, भूकम्प, आगालागी जस्ता विभिन्न प्रकारका साना ठूला प्रकोपहरु हुने गर्दछन् । जसको कारण हजारौ घर परिवारहरु पीडित हुने गरेका छन् । विभिन्न समयमा गएका ठूला भूकम्पले धेरै जनधनको विनाश गरेको उदाहरणहरु पनि हामीहरु माझ प्रसष्ट छन । हाल काठमाडौं उपत्यका भित्र बढ्दो जनसंख्याको साथै अनियन्त्रित बसोबासका कारण मानव निर्मित प्रकोपहरु बढ्ने सम्भावना बढि देखिएको छ । यस्ता संभावना बाट हुने क्षतिलाई न्यूनिकरण गर्न र पीडितहरुको तत्काल उद्धार तथा सेवा संचालनका लागि उपशाखाहरुलाई कृयाशील बनाउन प्रारम्भ गरिएको छ । स्थानीय स्तरबाटै राहत उपलब्ध गराउन उपशाखाहरुमा राहत सामाग्रीहरु व्यबस्थापन तथा तालिम प्राप्त स्वयँसेवीहरु निर्माण गर्न यस जिल्ला शाखाले नेपाल रेडक्रस सोसाइटी केन्द्रको पहलमा बेल्जियम रेडक्रस तथा युरोपियन समुदाय सहयोगमा काठमाडौं महानगरपालिकाको वडा नं. ३० र कीर्तिपुर नगरपालिकाको वडा नं. १६ मा संचालित समुदायमा आधारित प्रकोप बहूखतरा जोखिम न्यूनिकरण कार्यक्रम संम्पन्न गरिएको छ । यी वडाहरुमा प्रकोप व्यवस्थापन समिति गठन भई विभिन्न कार्यक्रमहरु संचालन गरिएको थियो । प्रकोप जोखिम अभिमुखिकरण कार्यक्रम, प्राथमिक उपचार तालिम, प्रकोप व्यबस्थापन तालिम, खोज तथा उद्धार तालिमको साथै विभिन्न किसिमका चेतनामुलक कार्यक्रमहरु संचालनबाट त्यस वडामा दक्ष जनशक्ति तयार हुनुका साथै पूर्वतयारीको लागि आवश्यक पुर्वाधार तयार गर्ने कार्य भएको थियो ।

## विद्यालयमा आधारित प्रकोप जोखिम न्यूनिकरण कार्यक्रम

प्रकोप प्रभावित क्षेत्रको जोखिम कम गर्न तथा अति संकटाभिमुख समुदायहरुको क्षमता अभिबृद्धि गरी प्रकोपबाट हुने धनजनको क्षतीलाई न्यूनिकरण गर्न र प्रकोप बिरुद्ध बिद्यार्थी, शिक्षकहरुमा आधारभूत उद्धार एवँ राहत कार्यका लागि सक्षम बनाउने उदेश्यले यस जिल्लाका १० वटा उपशाखाहरु अन्तर्गत १० वटा स्कूलहरु छनोट गरी केन्द्रीय कार्यालयको पहल तथा फिनिस रेडक्रस तथा युरोपियन युनियनका आर्थिक सहयोगमा ३ वर्षका लागि **बिद्यालयमा आधारित प्रकोप जोखिम न्यूनिकरण कार्यक्रम** संचालन भएको छ । यस कार्यक्रम बाट स-साना स्तरको प्रकोप रोकथाम एवँ न्यूनिकरणका लागि समुदाय, बिद्यालय स्तरमा योजना निर्माण, प्राथमिक उपचार, प्रकोप ब्यबस्थापन तालिमहरु संचालन गरी पूर्वतयारीका उपायहरु अबलम्बन गराउने जस्ता कार्यक्रमहरु समाावेस गरिएको छ । सामुदायिक प्रकोप पूर्वतयारी योजना तयार गरी कार्यक्रमलाई दिगोपन र निरन्तरता दिने प्रयास गरिएको छ । कार्यक्रम संचालित समुदाय तथा बिद्यालयमा प्रकोप व्यवस्थापन चेतना जगाउने, आधारभूत तथा राहत कार्यमा सघाउ पुऱ्याउन सक्षम बनाइन, छ । र संस्थागत विकासको लागि रेडक्रस प्रतिको भावनामा अभिबृद्धि गर्ने जस्ता कार्यक्रमहरु संचालन गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

(यस कार्यक्रमको विस्तृत विवरण अनुसुची २ मा राखिएको छ ।)

## खानेपानी तथा सरसफाई कार्यक्रम

यस जिल्लामा बिद्यमान पानीको समस्या समाधान तथा सुद्धिकरण लागि सरकार तथा खानेपानी संस्थान बाट भमग्दुर प्रयासहरु भएको भएता पनि आपुर्ति तथा शुद्धिकरण गर्न सकिरहेको छैन । काठमाडौं उपत्यकामा दैनिक २१ करोड लिटर पानी आवश्यकता रहकोमा १५ देखि १६ करोड लिटर मात्र पानी संकलन गर्न सकिरहेको छ । देनिक ५ देखि ६ करोड लिटर पानी अपुग रहेको छ । यसको समाधानको निमित्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु प्रयासरत रहेका छन । पानीको समस्या बाट छटपटीएका र सरसफाईबाट पिछडिएका गाँउ घरका बिपन्न बर्गहरुको समस्या समाधानको निमित्त जर्मन रेडक्रसको सहयोगमा काठमाडौं जिल्लाको शंखरापूर उपशाखा क्षेत्र अन्तर्गत नाङ्गलेभारे गा.वि.स.मा खानेपानी तथा सरसफाई परियोजना संचालन गरिएको छ । यो कार्यक्रममा ग्रामिण समुदायहरुको लागि स्वास्थ्य शिक्षा, सुरक्षित खानेपानी, ब्यबस्थित चर्पी, सुधारिएका चुल्हो, महिलाहरुको लागि बचत तथा लगानी समूहको गठन तथा परिचालन जस्ता कार्यक्रहरु समावेस गरिएको छ । यस परियोजनाबाट त्यस गाउँका ९६५ घरधूरीलाई सुविधा पु**ऱ्याउने** लक्ष राखिएको छ ।

(यस कार्यक्रमको विस्तृत विवरण अनुसुची ३ मा राखिएको छ

## मानवीय महामारीको पूर्वतयारी कार्यक्रम H2p परियोजना सञ्चालन

बाढी, पहिरो, भूकम्प, हैजा, झाडापखाला,दादुरा, पोलियो, एच.आई.भि/एड्स जस्ता प्रकोपहरुबाट हुने क्षतिलाई न्युनिकरण गर्न विभिन्न बेला विभिन्न माध्यमबाट प्रकोप पूर्वतयारीका योजनाहरु पनि संचालन हुंदै आइरहेको ब्यहोरा यहाँहरुलाई विदितै छ । जनस्वास्थ्य विज्ञहरुको धारणा अनुरुप इन्फूलईन्जा महामारी भयानक रुपमा देखा पर्ने गरेको जानकारीमा आएको छ । विसौं शताब्दीको पछिल्लो पटक तेश्रौ विश्वब्यापी महामारी सन १९६८ मा भएको जानकारी गराउन चाहन्छु । तत्पश्चात वर्तमान अवस्था सम्म इन्फ्लुईन्जा भाइरस आफै मानिसबाट मानिसमा सर्न सकेको छैन । तर विश्वब्यापी रुपमा महामारी हुनका लागी सवै पुर्वाकांक्षित **Prerequisite** अवस्थाहरु मिलिसकेका जानकारीमा आएका छन । तथापी उच्च संक्रमन एभियन इन्फ्लुईन्जा **( HPAI ) H5NI VIRUS** केहि समय अघि देखि ब्यापकरुपमा ६० भन्दा बदी देशका जंगली चराहरुमा फेलिसकेको जानकारीमा आएको छ । हाल सम्म यस्को कारणबाट १५ देशमा २४५ जनाको मृत्यू भइसकेको दावी गरिएको छ । नेपालको सन्दर्भमा त्यस किसिमका महामारीको रुपमा बर्डफ्लू काँकडभिटाको झाँपा देखा परेको पुष्टी भएको छ, भने हालै मात्र ईन्फलूएन्जा ए **H1N1** जस्ता स्वाईन फलूको रुपमा चिनिने महामारी नेपालमा भित्रिएको छ । यस्ता संम्भावित महामारीहरुबाट बच्न र बचाउन **USAID**को सहयोग तथा केन्द्रीय कार्यालयको सहर्कायमा मानवीय महमारीको पूर्वतयारी कार्यक्रम **H2P** परियोजना यस जिल्लामा संचालन गरिएको छ । यस कार्यक्रम मार्फत जनमानसमा **Pandamic Influianja Virus** बाट कसरी बच्ने र यस्का लागि पूर्वतयारीका उपायहरु कसरी गर्ने भन्ने सम्बन्धमा जानकारी गराउने यो कार्यक्रमको मूख्य उद्देश्य रहेको छ ।

(यस कार्यक्रमको विस्तृत विवरण अनुसुची ४ मा राखिएको छ )

## एच.आई.भि. रोकथामका लागी हातेमालो कार्यक्रम सम्पन्न

विश्वमा प्रकोपको रुपमा फैलिएको एच.आई.भि. एड्सलाई रोकथाम गर्न विभिन्न सराकोरवाला निकायहरुको पहलमा विभिन्न कार्यक्रमहरु मार्फत जनचेतना जगाउने काम भइरहेको छ । नेपालमा मात्र हाल एच. आई .भी .एड्स संक्रमीत रोगीहरुको संख्या ८० हजार पुगिसकेको छ । यो महामारी बारे सर्वत्र जनचेतना जगाउनु अत्यावश्यक हुन गएको छ । समयमानै यस सम्वन्धि विषयमा गम्भीर रुपमा लिन सकेनौ भने भोलिको दिनमा खतरनाक रुपमा हामी वीच फैलिने छ । यस्को रोकथामका लागी नेपाल तथा बृटिस रेडक्रसको सहकार्यमा यस जिल्ला शाखाले **एच.आई.भि.रोकथामका लागी हातेमालो कार्यक्रम** संचालन गरिएको छ । नेपाल र बेलायतमा एकै साथ संचालन भएको यस परियोजनामा कीर्तिपूर उपशाखा अन्तर्गत रहेको सामुदायीक युवा रेडक्रस सर्कलका चारजना युवा र चारजना युवतीहरु तथा बृटिस रेडक्रस अन्तर्गत स्कटल्याण्डको ग्लास्को शाखा अन्तर्गत चारजना युवा र चारजना युवतीहरु त्यस कार्यक्रमा सहभागी गराईएको थियो । यस परियोजना सानो तथा नौलो भएता पनि यस्ले नेपाल तथा बृटिस रेडक्रस वीच एच.आई.भि./एड्स सम्बन्धि अनुभवहरु र रोकथामका लागि गरिएका प्रयासहरुको आदान प्रदान गर्ने कार्य भएको छ । दुवै देशको युवा, युवतीहरुलाई एकै किसिमको तालिम, कृयाकलापहरुको जानकारी आदान प्रदान गरिनुका साथै, युवा स्वयँसेवीहरुको समानता र असमानताको लेखाजोखा, युवाहरुमा स्थानीय तथा अन्तराष्ट्रिय स्तरको एच.आई.भि. महामारी बारे जनचेतना अभिबृद्धि गर्ने यो परियोजना उद्देश्य रहेको छ । यस अवधिमा नेपाल र बेलायतका युवाहरुले संचालन गरेका विभिन्न गतिबिधि तथा कार्यक्रमहरुलाई एकिकृत गरी एच.आई.भि./एड्स न्यूनिकरण शिक्षा संम्बन्धि तालिम कार्यक्रमको श्रब्यदृश्य ( **Video** ) शैक्षिक सामाग्री तयार गरिएको छ । यस शैक्षिक सामाग्री १८६ देशका राष्ट्रिय सासाइटीहरुलाई वितरण गर्ने कार्यक्रम रहेको जानकारी गराउन चाहन्छु ।

**कोरियन रेडक्रसद्वारा सहयोग**

काठमाडौं जिल्ला भित्र संचालित सरकारी विद्यालयमा १ देखि ३ कक्षा अध्ययनरत गरीव विद्यार्थीहरुको सहयोगार्थ कोरियन रेडक्रसबाट ९०० जना भन्दा बढी विद्यार्थीहरुको लागि उपहार सामाग्रीहरु प्राप्त हुन आएको छ । यस उपहार सामाग्री १० वटा सरकारी विद्यालयहरुको छनौट गरी एक समारोहका वीच उपहार वितरण गर्ने कार्यक्रम रहेको छ ।

**प्राथमिक उपचार कार्यक्रम**

रेडक्रसको स्थापनानै प्राथमिक उपचारबाट भएकोले यसको पहिचान अलग्गै रहँदै आएको छ । प्राथमिक उपचार सेवा तथा तालिम, रेडक्रसको एउटा महत्वपूर्ण गतिविधिको रुपमा लिने गरेको छ । यस गतिविधिलाई संयोजन गर्न केन्द्रीय कार्यलाय मार्फत नेपालको सवै जिल्लाहरुमा प्राथमिक उपचार स्वयंसेवकहरु तयार गर्ने क्रम जारी रहेको छ । नेपालको भौँगालिक परिवेस, यातायातको कठिनाई र अपर्याप्त स्वास्थ्य सुविधाको साथै आन्तरिक द्वन्दको अवस्थामा घाईतेहरुलाई उपचार सेवा प्रदान गर्न प्राथमिक उपचार सेवाले महत्वपूर्ण स्थान ओगटेको छ । यस उपचार पद्धतीलाई जिल्ला, उपशाखा र जुनियर/युवा सर्कल समुदाय स्तरसम्म पुऱ्याउनु आवश्यक रहेको छ । ग्रामिण क्षेत्रदेखि राजधानीमा समेत समानरुपले यो पद्धती लोकप्रिय हुँदै आइरहेको छ । वर्षेनी यस जिल्ला शाखाले प्राथमिक उपचार गतिविधिलाई मूर्त रुपदिन विभिन्न गतिविधिका साथ प्राथमिक उपचार दिवस मनाउँदै आईरहेको छ । जिल्ला शाखामा प्राथमिक उपचार गतिविधिलाई शुदृढिकरण गर्न तथा व्यापक बनाउन प्रशिक्षकहरु निर्माण गर्ने क्रम पनि जारी रहेको छ । हाल यस जिल्ला शाखामा १९ जना प्रशिक्षकहरु कार्यरत रहेका छन ।

**प्राथमिक उपचार कृतिम अभ्यास प्रदर्शन**

क) प्राथमिक उपचार समिति तथा रेडक्रस कार्य टोलीद्धारा बसन्तपूरमा प्राथमिक उपचार संम्बन्धि **कृतिम अभ्यास प्रदर्शन** कार्यक्रम संचालन गरिएको छ । साथै १५ मिनेट प्राथमिक उपचारको विधिबारे जनमानसमा जानकारी गराईएको थियो । **ICRC** एसिया स्थित प्रतिनिधिहरुबाट उक्त कृतिम अभ्यासको अवलोकन तथा त्यस सम्बन्धि जानकारी लिनुका साथै प्राथमिक उपचारबारे अनुभव आदान प्रदान समेत गरिएको जानकारी गराउँदछु ।

ख) ८ औ प्राथमिक दिवसको उपलक्षमा प्राथमिक उपचार समिति तथा रेडक्रस कार्य टोलीद्धारा पूनः बसन्तपूर लगायत अन्य स्थानहरुमा प्राथमिक उपचार संम्बन्धि **कृतिम अभ्यास प्रदर्शन** कार्यक्रम संचालन गरिएको जानकारी गराउँदछु ।

**उत्कृष्ट प्राथमिक उपचार प्रशिक्षक घोषणा**

नेपाल रेडक्रस सोसाइटी पर्सा जिल्ला शाखाको आतिथ्यमा सम्पन्न ८ औं प्राथमिक दिवसको उपलक्षमा आयोजित कार्यक्रममा ७५ जिल्ला शाखाहरुको प्रतिसपर्धामा यस जिल्ला शाखाका प्राथमिक उपचार समितिका संयोजक एवँ प्राथमिक उपचार प्रशिक्षक राजाराम श्रेष्ठ उत्कृष्ट प्राथमिक उपचार प्रशिक्षक घोषणा भएको जानकारी गराउन चाहन्छु । उहाँलाई यस जिल्ला शाखाको नाम राख्न सफल हुनु भएकोमा यसै सभाद्धारा बधाई ज्ञापन गर्दछु ।

## Dealing With Disaster International Conference

अन्तराष्ट्रिय स्तरमा प्रकोप व्यबस्थापन तथा न्यूनिकरणका विषयहरुमा के, कस्ता किसिमका अवधारणा रहेको छ र कुन कुन प्रकोपबाट संसार प्रभावित छ, भन्ने विषयहरुमा अनुभव आदान प्रदान गर्न बृटिसको Northumbna University तथा नेपाल सरकारको स्थानीय विकास मंत्रालयका संयूक्त आयोजनामा होटल सोल्टीमा सम्पन्न Dealing With Disaster International Conference मा जिल्ला शाखाको को पनि प्रतिनिधित्व रहेको थियो । यस जिल्ला शाखा, फ्रेण्डस् सर्भिस काउन्सिल नेपाल, **JADDRAN**, र **DWIDP** पार्टनर शिपमा सम्पन्न उक्त कन्फ्रेन्समा काठमाडैं जिल्लामा संम्भावित प्रकोप र समुदायमा प्रकोप न्यूनिकरणका लागि गरिएका प्रयासहरुबारे सभापति मुकुन्द बहादुर प्रधान र मंत्री संघरत्न शाक्यले कार्यपत्र प्रश्तुत गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**निशुल्क कृत्रिम खुट्टा प्रदान कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत द्वन्द तथा अन्य कारणबाट खुट्टा गुमाएका व्यक्तिहरुलाई यस जिल्ला शाखा तथा उपशाखाहरुको सिफारिसमा नेपाल रेडक्रस सोसाइटी केन्द्र तथा आइ.सी.आर.सि.द्वारा हरियाखर्क अस्पताल पोखराको साथै नेपाली सेनाको पुनःस्थापना केन्द्र बनस्थली ऐराहिटीको सहयोगमा निःशुल्क कृतिम खुट्टा प्रदान गर्ने कार्य भईरहेको छ । यदि यहाँहरुवाट त्यस्ता पीडित व्यक्तिहरुको जानकारी प्राप्त भएमा तिनिहरुको सहयोगको लागि जिल्ला शाखा, केन्द्र, आई.सी.आर.सी.मा सम्पर्क गरी सहयोग लिन र प्रदान गर्न सकिने व्यहोरा अनुरोध छ । यहि कार्यक्रम अन्तर्गत फर्पिङ्ग निवासी नन्द गोपाल महर्जनले लगायत अन्य तीन जनाले हरियोखर्क अस्पतालबाट सो सुविधा प्राप्त गरेको छ ।

**२७. राहत सामग्री संकलन**

